राष्ट्रिय पुनर्निर्माण प्राधिकरण काठमाडौं, २०७२

## कार्यकारी समितिको २६ औं बैठक(२०७३।०६।०८)कानिर्णयहरु

(क) २०७३ आश्विन ९ गते बस्ने निर्देशक समितिको सातौं बैठकमा देहायअनुसार छलफलका विषयहरु समावेश गर्नेबारे प्रमुख कार्यकारी अधिकृतज्यूबाट विषय प्रस्तुतभयो ।

१.प्राधिकरणको समग्र वस्तुस्थिति र आ.व. २०७३/०७४ को नीति, कार्यक्रमतथा बजेट सम्बन्धमा ।

२. नीजि आवास पुनर्निर्माण सम्बन्धी ४५ दिने कार्ययोजना र कार्यप्रगतिको अवस्था सम्बन्धमा ।

३. प्राधिकरणको संगठनात्मक संरचना र कार्य प्रणालीको पुनरावलोकन र जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

४. नीजि आवास पुनर्निर्माणका लागि प्रति लाभग्राही घरधनीलाई एक लाख रुपैयाँ अनुदान थप गर्ने तथा तीनलाख रुपैयाँ निर्व्याजी ऋण उपलब्ध गराउने सम्बन्धमा ।

५.बिविध

**(ख)** प्रस्ताव नं. ३ को संगठन तथा व्यवस्थापन सर्भेक्षण समितिद्वारा प्रस्तावित प्रतिवेदन माथि छलफल गर्दा प्रस्तावित जिल्ला कार्यालयमा भान्सेको दरबन्दि हटाउने,विषयगत समूहले सम्पादनगर्ने कार्यहरु सहितको संलग्न अनुसूचीमा उल्लेखित कार्यविधिगत शर्तहरु प्रतिवेदनको पेज नं ३७ को प्रारम्भमा समावेश गर्ने एवं पेश भएको संगठन तालिकामा निम्नानुसार परिमार्जन गर्ने गरी उक्त कार्यदलद्वारा प्रस्तावित संगठन र व्यवस्थापन सर्वेक्षण प्रतिवेदन निर्देशक समितिमा निर्णयार्थ सिफारिश गर्ने निर्णय गरियो ।

### प्रस्तावित नयाँ केन्द्रीय संगठन तालिकामा परिमार्जन गर्नुपर्ने बुँदाहरु

(१) विज्ञ सदस्यको सट्टामा 'विषयगतकार्य समूह'उल्लेख गर्ने ।

(२) 'सामाजिक विकास तथा आर्थिक पुनर्स्थापना महाशाखा'को सट्टामा 'सामाजिक समावेशीकरण तथा आर्थिक पुनर्स्थापना महाशाखा' राख्ने ।

(३) 'जनशक्ति व्यवस्थापन महाशाखा'को सट्टामा 'व्यवस्थापन महाशाखा' राख्ने ।

(४) 'सूचना व्यस्थापन तथा सञ्चार शाखा'लाई नीति, योजना, अनुगमन तथा विकास सहायता समन्वय महाशाखाबाट हटाई 'व्यवस्थापन महाशाखा'मा राख्ने र 'व्यवस्थापन महाशाखा'को कार्य विवरणमा सोहीअनुरुप सूचना तथा सञ्चार क्षेत्रसँग सम्बन्धित 'नीति, योजना, अनुगमन तथा विकास सहायता समन्वय महाशाखा'मा रहेकाकार्य विवरण समावेश गर्ने ।

(५) 'नीति योजना, अनुगमन तथा मूल्याङकन शाखा'को सट्टामा 'नीति योजना, अनुसन्धान तथा अनुगमनशाखा' राख्ने ।

(६) 'सामाजिक विकास तथा गुनासो व्यवस्थापन शाखा'को सट्टामा 'सामाजिक समावेशीकरण तथा गुनासो व्यवस्थापन शाखा' राख्ने ।

(७) निर्देशक समितिद्वारा विगतमा स्वीकृत गरेको केन्द्रीय संगठन संरचनाको तल(foot note) लेखिएका सबै बुँदाहरु वर्तमान केन्द्रीय संगठन संरचनाको तल(foot note) यथावत उल्लेख गर्ने ।

## अनुसूची

### विषयगतकार्यसमूहबाट सम्पादनहुने कार्यहरु:

१.पुनर्निमाण एवं पुनर्स्थापना सम्बन्धीविषयगत समूहले आ-आफ्नो क्षेत्रगतकार्यसँग सम्वन्धित सम्पूर्ण कामहरुको समन्वयगर्ने, गराउने ।

२.भूकम्पबाट प्रभावित संरचनाको पुनर्निमाण सम्बन्धी ऐन, २०७२ को दफा ४ बमोजिमकाआ-आफ्नो क्षेत्रसँग सम्वन्धितविषयहरुमाआवश्यक छलफल गरी निष्कर्ष सहित निर्णयार्थ प्रस्तुतगर्ने, गराउने ।

३.निर्देशक समितिएव कार्यकारी समितिबाट स्वीकृत भएकाकार्यक्रमएवं बजेटको परिधिभित्र रही निर्णय कार्यान्वयनमा सहजीकरण गर्ने,गराउने ।

४.आ-आफ्नो क्षेत्रसँग सम्बन्धित सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग बजेट र कार्यक्रममाआवश्यक छलफल गरी, गराई योजनाको खाकातयार गर्ने, गराउने ।

५.आ-आफ्नो क्षेत्रसँग सम्बन्धितकार्य तथाआयोजनाहरुको अनुगमनएवं मूल्याङ्कन गरी, गराई समीक्षासहितप्रगतिप्रतिवेदनप्रमुखकार्यकारी अधिकृतसमक्ष पेश गर्ने, गराउने ।

६.निर्देशक समिति, कार्यकारी समितिएवं प्रमुखकार्यकारी अधिकृतबाट तोकिएबमोजिमकाअन्यकार्यहरु गर्ने, गराउने ।

सचिव

## कार्यकारी समितिको २७ औं बैठक २०७३।०६।१२ निर्णयहरु

निर्णय नं. १

भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणको लागि वनक्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७२ को दफा ५ बमोजिमको वनक्षेत्रको जग्गा सिफारिश समितिले सिफारिश गरे बमोजिम लाप्राक गा.वि.स. लाप्राकका भूकम्प पीडितहरुलाई पुनर्वास वा स्थानान्तरणका लागि गुप्सीपाखाको १८.३२ हेक्टर जग्गा सट्टा भर्ना गर्न नपर्ने गरी आयोजनाको लागि सोही कार्यविधिको दफा १० बमोजिम उपलब्ध गराउन स्वीकृत दिने निर्णय गरियो ।

निर्णय नं. २

सम्पदा बस्ती संरक्षण तथा भवन निर्माण सम्बन्धी मापदण्ड, २०७३ मस्यौदा समितिका संयोजक एवं कार्यकारी समिति सदस्य श्री ध्रुव प्रसाद शर्माले पेश गर्नु भएको सम्पदा बस्ती संरक्षण तथा भवन निर्माण सम्बन्धी मापदण्ड, २०७३ स्वीकृतिको लागि आवश्यक कारवाही अगाडि बढाउन शहरी विकास मन्त्रालयमा मस्यौदा सहित पठाउने निर्णय गरियो ।

निर्णय नं. ३

भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणका लागि वातावरणीय प्रभाव मूल्यांकन कार्यविधि, २०७२ को दफा ७ अनुसार भौतिक, जैविक तथा सामाजिक वातावरणीय विज्ञहरु मध्येबाट सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी कार्यकारी समितिले तीन जना सदस्य तोक्नु पर्ने र सदस्य सचिवमा समेत कार्यकारी समितिले तोकेको प्राधिकरणको सह सचिव हुने भन्ने व्यवस्था भएको हुँदा सदस्य सचिवमा ग्रामीण आवास, बस्ती विकास तथा अन्य पूर्वाधार महाशाखाका प्रमुख सह सचिवलाई तोक्ने तथा माथी उल्लेख भए अनुसार तीन जना सदस्यका लागि प्राधिकरण वेव साइटमा वातावरण विज्ञको नामावलीका निम्ति सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ का सम्बन्धमा देहायअनुसार गर्ने निर्णय गरियो ।

उपत्यकाभित्रको सर्वेक्षणबाट प्राप्त लाभग्राहीको मूली सम्बन्धमा ।

४.१ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय केन्द्रीय आयोजना कार्यान्वयन इकाईबाट मिति २०७३।०६।११ मा छनौट भई आएका देहायका गाविसका निम्न संख्याका लाभग्राहीहरुको सूची स्वीकृत गरी अनुदान सम्झौताको प्रक्रियामा लैजान संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय -केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई निर्देशन दिने।

| क्र.सं. | जिल्ला | गाविस | पहिचान गरिएका लाभग्राही संख्या |
|---|---|---|---|
| १ | ललितपुर | नल्लु | ४१८ |
| २ | ललितपुर | देवीचौर | ६३७ |
| ३ | ललितपुर | गोटीखेल | ३२६ |
| ४ | ललितपुर | कालेश्वर | ३४५ |
| ५ | ललितपुर | मणिखेल | ४१९ |
| ६ | ललितपुर | चौघरे | ४२१ |

सचिव

| | | | |
|---|---|---|---|
| ७ | ललितपुर | भट्टेडाँडा | ५७० |
| ८ | ललितपुर | चन्दनपुर | २४३ |
| ९ | ललितपुर | बुखेल | ४६४ |
| १० | ललितपुर | भारदेव | १९४ |
| ११ | ललितपुर | साँखु | ६५२ |
| १२ | ललितपुर | ठुलोदुर्लुङ्ग | ३७९ |
| जम्मा | | | ५,०६८ |

४.२ पुनर्निर्माण तथा पुनर्स्थापना सम्वन्धी कार्यका लागि विभिन्न साझेदार संस्थाबाट प्राप्त परियोजना प्रस्तावहरुमा पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्वन्धी कार्यविधि, २०७२ को दफा ९(६) बमोजिमको सिफारिश समितिबाट सिफारिश भई आएका विज्ञ सदस्यहरुज्यूबाट सकारात्मक राय प्राप्त भएका देहाय बमोजिमका प्रस्तावहरुमा प्रमुख कार्यकारी अधिकृतबाट स्वीकृत भएको निर्णयको अनुमोदन गर्ने ।

१. मिति २०७३।३।१२ गते सिफारिश भएक २३ वटा परियोजना प्रस्तावहरु

२. मिति २०७३।४।२ गते सिफारिश भएक १३ वटा परियोजना प्रस्तावहरु

३. मिति २०७३।४।२१ गते सिफारिश भएक ८ वटा परियोजना प्रस्तावहरु

४. मिति २०७३।५।१९ गते सिफारिश भएक ६ वटा परियोजना प्रस्तावहरु

५. मिति २०७३।५।२९ गते सिफारिश भएक ५ वटा परियोजना प्रस्तावहरु

**निर्णय नं. ५ विविध**

५.१ विद्यालय सम्बन्धी मापदण्ड आगामी बैठकमा पेश गर्ने

५.२ २०७३ साल भाद्र १३ गते प्रकाशित जग्गा दर्ता सम्वन्धी सूचना अनुसार लाभग्राहीहरुबाट निकै कम मात्र निवेदन पर्न आएको र हाल आएर म्याद थप गर्नुपर्ने माग भई आएकोले "भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी कार्यविधि, २०७२" को दफा ३ बमोजिम छुट जग्गा दर्ता गर्न सूचना प्रकाशित भएको मितिले पुनः ६० दिनको म्याद दिने निर्णय गरियो ।

सचिव

सचिव

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको मिति २०७३।०६।१८ को २८ औ बैठकका निर्णयहरु

निर्णय नं. १

विद्यालय पुनर्निर्माण सम्वन्धी कार्यविधि यस कार्य समितिमा प्रस्तुत भयो । उक्त कार्यविधि कार्यकारी समितिका सबै सदस्यहरुलाई अध्ययनार्थ उपलब्ध गराउने र आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

मिति २०७३।०६।१० गते बसेको निर्देशक समितिको निर्णयानुसार निजी आवासहरुको प्रवलीकरण/मर्मत सम्भार कार्यका लागि रु. १ लाख र पुनर्निर्माणका कामको लागि हालको २ लाखा रुपैयाँ रकममा थप रु. १ लाख बृद्धि गरी रु. ३ लाख रुपैयाँ अनुदान उपलब्ध गराउने व्यवस्थालाई कार्यान्वयन गर्नका निम्ति भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७२ मा संशोधन गर्नु पर्ने भएकाले उक्त कार्यका निम्ति कार्यकारी समिति सदस्य डा. चन्द्रबहादुर श्रेष्ठको संयोजकत्वमा सहसचिव श्री रामप्रसाद थपलिया र सहसचिव श्री द्वारिका श्रेष्ठ रहेको कार्यदललाई जिम्मेवारी दिने र उक्त कार्यदलबाट सिफारिश भई आएबमोजिम नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्न निर्णय गरियो ।

निर्णय नं. ३

प्राधिकरणको गत आ.व. २०७२/०७३ को वार्षिक प्रतिवेदन सम्बन्धमा मिति २०७३/०६/०३ गतेको कार्यकारी समितिको बैठकबाट गठित उपसमितिले सिफारिश भई आएको परिमार्जित प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

लाभग्राहीहरुको सूची प्रकाशन स्वीकृति गर्ने सम्बन्धमा केन्द्रीय आयोजना कार्यान्वयन इकाईबाट मिति २०७३/०६/१४ मा सिफारिस भई आएको उपत्यकाको ३ (तीन) जिल्लाको साथै उपत्यका बाहिरका ५ (पाँच) जिल्ला (नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुली, दोलखा र ओखलढुङ्गा) का निम्नानुसार गा.वि.स./नगरपालिकाहरुका तपशिल बमोजिमका लाभग्राहीहरुको संख्यालाई स्वीकृत गरी नियमानुसार अनुदान सम्झौताका लागि केन्द्रीय आयोजना कार्यान्बयन इकाईमा पठाउने निर्णय गरियो ।

सचिव

सचिव

<u>तपशिल</u>

केन्द्रीय आयोजना कार्यान्वयन इकाईको

प.सं. ०७३/०७४ च.नं. ४३ मिति २०७३/०६/१४ गतेको पत्र अनुसार प्राप्त विवरण

| क्र.सं. | जिल्ला | गाविस/नगरपालिका | पहिचान गरिएका लाभग्राही संख्या |
|---|---|---|---|
| १ | दोलखा | झ्याकु गाविस | १७० |
| २ | | आलम्पु गाविस | २ |
| ३ | | बावरे गाविस | २ |
| ४ | | लामीडाँडा गाविस | ४ |
| | | जम्मा | १७८ |
| ५ | काभ्रेपलाञ्चोक | कात्तिके देउराली गाविस | ६६ |
| ६ | नुवाकोट | खरानीटार गाविस | १४ |
| ७ | ओखलढुङ्गा | बलाखु गाविस | १ |
| ८ | सिन्धुली | रानीबास गाविस | १३ |
| ९ | ललितपुर | आश्राङ्ग गाविस | २३५ |
| १० | | बज्रबराही न.पा. | ५५४ |
| ११ | | धुसेल गाविस | ३५२ |
| १२ | | गोदावरी न.पा. | १२३१ |
| १३ | | कार्यविनायक न.पा. | ८५८ |
| १४ | | ललितपुर उ.म.न.पा. | ३२०८ |
| १५ | | महालक्ष्मी न.पा. | ४८५ |
| | | जम्मा | ६९२३ |
| १६ | काठमाडौं | बुढानिलकण्ठ न.पा. | २३३ |
| १७ | | चन्द्रगिरी न.पा. | २२४ |
| १८ | | गोकर्णेश्वर न.पा. | २९७ |
| १९ | | काठमाडौं म.न.पा. | ५८१ |
| २० | | किर्तिपुर न.पा. | ६५५ |
| २१ | | नागार्जुन न.पा. | ५०० |
| २२ | | शंखरापुर न.पा. | २११ |
| २३ | | तारकेश्वर न.पा. | ४५३ |
| २४ | | टोखा न.पा. | २०१ |
| | | जम्मा | ३३५५ |

| क्र.सं. | जिल्ला | गाविस/नगरपालिका | पहिचान गरिएका लाभग्राही संख्या |
|---|---|---|---|
| २५ | भक्तपुर | अनन्तेश्वर न.पा. | ३७५ |
| २६ | | चाँगुनारायण न.पा. | ६२४ |
| २७ | | मध्यपुर ठिमी न.पा. | ५९४ |
| २८ | | नगरकोट न.पा. | २७७ |
| २९ | | सुर्यविनायक न.पा. | ३२६ |
| | | जम्मा | २१९६ |
| | | कूल जम्मा | १२,७४६ |

निर्णय नं. ५

भूकम्पबाट क्षतिग्रस्त घरहरुको विस्तृत घरधुरी सर्भेक्षण गर्न बाँकी रहेका १७ जिल्लाको सर्भेक्षणका निम्ति राष्ट्रिय योजना आयोगका सचिवको अध्यक्षतामा गठित निर्देशक समितिबाट भएको निर्णय समेतका आधारमा केन्द्रीय तथ्यांक विभागद्वारा प्रस्तुत कार्यक्रम प्रस्ताव सम्बन्धमा यस कार्यकारी समितिलाई जानकारी भयो । उक्त सर्भेक्षण कार्य तत्काल अघि बढाउनको लागि प्राधिकरणको निर्देशक समितिले समेत निर्देशन दिएको र उक्त कार्यको निम्ति गत September 1, 2016 मा नेपाल सरकार तथा DFID का बीच भएको समझदारी पत्र (MOU) मा उल्लिखित व्यवस्था भएबमोजिमको Steering Committee बाट निर्णय भई आएको तथा हाल उक्त कार्यका लागि नेपाल सरकार अन्तर्गत छुट्टै बजेटको व्यवस्था समेत नरहेको स्थिति देखिएकोले उक्त प्रस्ताव अनुरुप राष्ट्रिय योजना आयोगका सचिवको अध्यक्षतामा रहेको निर्देशक समितिको अनुगमनमा रही यथाशक्य मितव्ययी ढंगले DFID सँगको सहयोग र सहकार्यमा कार्यान्वयन गर्नका निम्ति केन्द्रीय तथ्यांक विभागलाई जिम्मेवारी दिने निर्णय गरियो ।

६. विविध

सचिव

सचिव

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको मिति २०७३।०६।२०को २९औं बैठक

**छलफलको विषय:**

१. लाभग्राहीहरुको सूची प्रकाशन सम्बन्धमा ।

२. निर्देशक समितिको मिति २०७३ आश्विन १० गते भएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा ।

३. विविध ।

**निर्णयहरु:**

नं. १. लाभग्राहीहरुको सूचीप्रकाशन सम्बन्धमा केन्द्रिय तथ्याङ्क विभागद्वारा गरिएको विस्तृत घरधूरी सर्भेक्षणका आधारमा संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय अन्तर्गतको केन्द्रिय आयोजना कार्यान्वयन इकाईद्वारा गत मिति २०७३।०६।१८ मा सिफारिस सहित प्राप्त हुन आएको काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका विभिन्न गा.वि.स. तथा नगरपालिकामा रहेका लाभग्राही घरधनीहरुको संलग्न अनुसुचि-(क) मा उल्लिखित संख्या अनुसारको सूची स्वीकृत गरी "निजी आवास अनुदान वितरण कार्यविधि, २०७२" अनुसार यथासीघ्र अनुदान संझौता प्रकृया अघि बढाउन उल्लिखित केन्द्रिय आयोजना कार्यान्वयन ईकाईलाई निर्देशन दिने निर्णय गरियो ।

नं. २.यस प्राधिकरणको निर्देशक समितिको मिति २०७३ आश्विन १० गते भएका निर्णयहरुलाई निम्नानुसार तत्काल कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

२.१। आ.व २०७३।७४ को लागि स्वीकृत भएको योजना, कार्यक्रम तथा बजेट अनुरुप विस्तृत कार्यक्रम प्रस्तावका सम्बन्धमा सम्बन्धित मन्त्रालय एवं निकायहरुसंग छलफल गरी विस्तृत कार्यक्रम प्रस्ताव माग गर्ने र अर्थ मन्त्रालयसंग समन्वय गरी बजेट निकासा गर्ने । साथै निर्देशक समितिबाट निर्णय भए अनुसार निजी आवास पुनर्निर्माण तथा प्रबलिकरण/मर्मत सम्भारका लागि आवश्यक पर्ने अनुदान रकम समेतका थप योजना तथा कार्यक्रमका सम्बन्धमा सम्बन्धित मन्त्रालय एवं केन्द्रिय आयोजना कार्यान्वयन इकाईहरु मार्फत बजेट अनुमान सहितको कार्यक्रम प्रस्ताव माग गर्ने र सम्बद्ध विषयगत कार्य समूहले आवश्यक गृहकार्य गरी यथाशक्य छिटो थप बजेट तथा कार्यक्रमको खाका कार्यकारी समितिमा पेश गर्ने ।

२.२। निर्देशक समितिबाट स्वीकृत संगठन संरचना अनुसार प्रस्तावित हुन आएको कूल १४० जनाको नियमित दरबन्दी व्यवस्थाका निम्ति सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने र करारसेवा अन्तर्गतका कूल १२३ दरबन्दीमा पदपूर्तिका निम्ति नियमानुसार आवश्यक प्रकृया अघि बढाउने । त्यस्तै हाल विभिन्न जिल्लामा स्थापना गरिएका सातवटा उपक्षेत्रीय क्रार्यालयहरुलाई सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको सचिवालयका रुपमा रुपान्तरण गरी यथावत संचालनमा राख्नेर बाँकी सात बटा जिल्लामा यथाशीघ्र जिल्ला समन्वय समितिको सचिवालयहरुको स्थापना गर्ने एवं कर्मचारीहरुको व्यवस्था मिलाउने । साथै सम्बन्धित विषयगत कार्य समूहले आ-आफ्नो कार्यक्षेत्र अन्तर्गत आवश्यक गर्ने जनशक्तिको आँकलन सहितको जनशक्ति व्यवस्थापन योजना तयार पारी पेश गर्ने ।

२.३। निर्देशक समितिको निर्णयानुसार स्वीकृत भएको संगठन संरचना अनुरुप संवद्ध महाशाखाहरुको लागि तोकिएको कार्यविवरणलाई समायोजन सहित स्वीकृत गर्ने र कार्यकारी समितिको मिति २०७३ आश्विन ८ गतेको निर्णयानुसार निर्देशक समितिमा सिफारीश भएको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन अन्तर्गत अनुसूची-(५) मा उल्लिखित 'प्राधिकरणको कार्य सम्पादनमा समन्वय र सामञ्जस्य कायम गर्न प्रस्तावित व्यवस्था' मा उल्लेख भए अनुसारको विभिन्न विषयगत कार्यसमूहका लागि निर्धारित व्यवस्था र संलग्न अनुसूची-(ख) मा उल्लिखित कार्यविधिगत शर्तहरु अनुरुप विषयगत कार्यसमूहहरुको गठन गरी क्रियाशील तुल्याउने । साथै उक्त कार्यसमूहको सचिवको रुपमा कार्य गर्न सम्बन्धित महाशाखा प्रमुखलाई तोक्ने ।

२.४। भूकम्प अति प्रभावित उपत्यका बाहिरका एघार जिल्लामा निजी आवास पुनर्निर्माणका निम्ति भएको अनुदान सम्झौता र अनुदान वितरणको कार्यप्रगति अवस्था एवं कार्ययोजनाका सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय एवं सो मन्त्रालय अन्तर्गतको केन्द्रिय आयोजना कार्यान्वयन इकाईसंग तत्काल छलफल गरी प्राधिकरणका तर्फबाट गर्नु पर्ने कार्यहरु पहिचान गरी सम्बन्धित तहमा आवश्यक निर्णय एवं कार्यान्वयनका लागि पेश गर्ने र अन्य सम्बद्ध मन्त्रालय एवं निकायहरुबाट गर्नु पर्ने कार्यका हकमा तत्काल कार्यान्वयनका लागि निर्देशन दिने एवं आवश्यक अनुगमन गर्ने ।

२.५। काठमाडौं उपत्यकाभित्र हाल भैरहेको लाभग्राही सूची प्रकाशन र अनुदान सम्झौता सम्बन्धी कार्यका सम्बन्धमा तत्काल आवश्यक कार्ययोजना तयार पारी पेश गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको केन्द्रिय आयोजना कार्यान्वयन इकाईलाई र बाँकी सत्र (१७) जिल्लाको भेरिफिकेशन मोडलका माध्यमबाट घरधुरी सर्भेक्षण गर्ने सम्बन्धी कार्ययोजना तत्काल तयार पारी पेश गर्न केन्द्रिय तथ्याङ्क विभागलाई निर्देशन दिने । त्यस्तै प्राधिकरणको केन्द्रिय गुनासो सुनुवाई समितिले प्रबलिकरण/मर्मत सम्भारका लागि अनुदान उपलब्ध गराउने नयाँ व्यवस्था समेतलाई ध्यानमा राखी यथाशीघ्र गुनासो सुनुवाई सम्बन्धी कार्ययोजना तयार पारी आवश्यक कार्य अघि बढाउने।

२.६। निजी आवास पुनर्निर्माणका लागि प्रति लाभग्राही घरधनीलाई तीन लाख रुपैयाँ र प्रबलिकरण/मर्मत सम्भारका लागि प्रति लाभग्राही घरधनीलाई एक लाख रुपैयाँ अनुदान सहयोग उपलब्ध गराउने सम्बन्धमा निजी आवास अनुदान वितरण सम्बन्धी कार्यविधिमा आवश्यक संशोधनका निम्ति मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने निर्णय भैसकेको हुँदा सोही अनुरुप आवश्यक व्यवस्था मिलाउने ।

२.७। निजी आवास पुनर्निर्माण एवं प्रबलिकरण/मर्मत सम्भारका लागि प्रति लाभग्राही बढीमा तीन लाख रुपैयाँ सम्मको निर्ब्याजी ऋण निर्माणाधीन घर धितोमा राखी सामूहिक जमानी समेतका आधारमा उपलब्ध गराउने र भूकम्प पीडित जनतालाई जीविकोपार्जनका लागि स्वरोजगार व्यवसाय संचालन गर्न परियोजना धितोका आधारमा सहुलियतपूर्ण ब्याजदरमा दुई लाख रुपैयाँसम्म ऋण दिने व्यवस्थाका निम्ति निर्देशक समितिको निर्णय बमोजिम आवश्यक कार्यविधि तयार पारी कार्यान्वयनमा ल्याउन अर्थ मन्त्रालय एवं नेपाल राष्ट्र बैंकलाई लेखी पठाउने ।

२.८। भूकम्प प्रभावित जिल्लामा चरणबद्व रुपमा कम्तिमा ५ लाख व्यक्तिलाई अल्पकालिन तथा मध्यकालिन अवधिका निःशुल्क व्यावसायिक सीप विकास तालिम संचालनार्थ सम्बन्धित महाशाखा एवं विषयगत कार्य समूहले संबद्ध मन्त्रालय एवं निकायहरुसँग समन्वय गरी बजेट, कार्यक्रम तथा कार्ययोजना यथाशीघ्र तयार पारी पेश गर्ने ।

२.९। भूकम्पबाट अति प्रभावित एघार जिल्ला एवं काठमाडौं उपत्यकामा भएको विधि, प्रकृया, प्रगति एवं खर्च सम्बन्धी विवरण तयार पारी यथाशीघ्र पेश गर्न केन्द्रिय तथ्याङ्क विभागलाई निर्देशन दिने ।

२.१०। भूकम्पबाट प्रभावित जिल्लामा पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यका लागि प्राधिकरणबाट स्वीकृति लिएका गैर सरकारी संस्था/साझेदार संस्थाहरुलाई तोकिएको कार्य, श्रोत रकम, खर्च अवस्था तथा सो को सुपरिवेक्षण एवं अनुगमन सम्बन्धी विवरण नीति, योजना, अनुगमन तथा विकास सहायता समन्वय महाशाखाले संबद्ध संस्था एवं निकायहरुसँग आवश्यकतानुसार समन्वय गरी यथाशीघ्र तयार पारी पेश गर्ने ।

सचिव

[illegible] निजी आवास पुनर्निर्माणका लागि आवश्यक पर्ने निर्माणकर्मीहरुलाई तालिम सञ्चालनार्थ निर्देशक समितिबाट स्वीकृत भएको कार्यक्रम तथा बजेट अनुरुप तत्काल आवश्यक कार्ययोजना तयार पारी कार्यान्वयन गर्न सहरी विकास मन्त्रालय अन्तर्गतको केन्द्रिय आयोजना कार्यान्वयन इकाईलाई बजेट निकाशा सहित निर्देशन दिने । त्यस्तै उल्लिखित अनुसारका तालिम संचालनार्थ प्राधिकरणबाट स्वीकृति लिएका साझेदार संस्थाहरुलाई सहरी विकास मन्त्रालय अन्तर्गतको केन्द्रिय आयोजना कार्यान्वयन इकाईको समन्वय र सहकार्यमा सम्भव भएसम्म कार्यक्षेत्र एवं तालिम संख्यामा वृद्धि गरी अधिकतम संख्यामा दक्ष निर्माणकर्मीहरुको उत्पादन गर्न निर्देशन दिने र सो को सुपरिवेक्षण सहरी विकास मन्त्रालय अन्तर्गतको केन्द्रिय आयोजना कार्यान्वयन इकाईले गर्ने । साथै सम्बन्धित विषयगत कार्यसमूहले यथाशीघ्र निजी आवास पुनर्निर्माण कार्यका निम्ति आवश्यक पर्ने निर्माणकर्मीहरुको संख्या आँकलन गरी सो को उत्पादन सम्बन्धी रणनीति तथा कार्ययोजना तयार पारी पेश गर्ने ।

२.१२। निजी आवास पुनर्निर्माण तथा प्रबलिकरण/मर्मत सम्भारका लागि आवश्यक पर्ने निर्माण सामग्रीहरुको गाविस एवं नगरपालिकागत हिसाबले यथाशीघ्र आँकलन गरी पेश गर्न सहरी विकास मन्त्रालय अन्तर्गतको केन्द्रिय आयोजना कार्यान्वयन इकाईलाई निर्देशन दिने र प्राप्त बिवरण समेतका आधारमा माग अनुसारको निर्माण सामग्रीहरुको उत्पादन, आपूर्ति व्यवस्था, गुणस्तर निर्धारण तथा सुपथ मूल्यमा बिक्री वितरण गर्ने व्यवस्थाका सम्बन्धमा सम्बन्धित विषयगत कार्य समूहले आवश्यक रणनीति तथा कार्ययोजना तयार पारी पेश गर्ने । साथै व्यवस्थापिका संसदको विकास समितिको मिति २०७३ भाद्र २८ गतेको निर्णय अनुसार प्राप्त निर्देशन बमोजिम भूकम्प अति प्रभावित जिल्लाहरुमा निर्माण सामग्री बैंकको स्थापना गर्ने सम्बन्धमा आपूर्ति मन्त्रालयसँग छलफल गरी आवश्यक प्रकृया अघि बढाउने ।

२.१३। अध्ययन गर्न बाँकी रहेका करिब ३५८ वटा जोखिमपूर्ण बस्तीहरुको अध्ययनका निम्ति अर्थ मन्त्रालय एवं डिएफआईडीका बीच गत मिति २०७३ भाद्र १६ गते भएको समझदारी पत्र (MoU)अनुरुप डिएफआईडीको सहयोगमा संचालन हुन लागेको कार्यक्रमको समन्वय तथा अनुगमन गर्न निर्देशक समितिका सदस्य डा. तारानिधि भट्टराईको संयोजकत्वमा संबद्ध निकायहरु समेतको संलग्नतामा गठित समितिलाई जिम्मेवारी दिने ।

२.१४। शिक्षा क्षेत्रसँग सम्बन्धित सार्वजनिक विद्यालय भवन, विश्वविद्यालय तथा कलेज भवनहरु एवं राष्ट्रिय महत्वका सिंहदरबार लगायतका भवनहरुको पुनर्निर्माण कार्यका निम्ति निर्देशक समितिबाट स्वीकृत भएको कार्यक्रम तथा बजेट अनुरुप तत्काल कार्यान्वयन प्रकृया अघि बढाउन बजेट निकाशा सहित संबद्ध कार्यान्वयन इकाईहरुलाई निर्देशन दिने तथा संबद्ध विषयगत कार्य समूहले यस क्षेत्र अन्तर्गतको पुनर्निर्माण कार्य सम्पन्न गर्न लाग्ने बजेट अनुमान सहितको कार्ययोजना तयार पारी यथाशीघ्र पेश गर्ने ।

२.१५। पुरातात्विक सम्पदाहरुको पुनर्निर्माणका सम्बन्धमा निर्देशक समितिबाट स्वीकृत भएको बजेट अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन प्रकृया अघि बढाउन सम्बन्धित मन्त्रालय, निकाय एवं आयोजना कार्यान्वयन इकाईहरुलाई निर्देशन दिने एवं यस क्षेत्रसँग सम्बन्धित पुनर्निर्माण कार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने बजेट अनुमान सहितको कार्ययोजना तयार पारी पेश गर्न संबद्ध विषयगत कार्य समूहलाई जिम्मेवारी दिने ।

२.१६। जीविकोपार्जन तथा आर्थिक पुनर्स्थापनासँग सम्बन्धित कार्यका निम्ति निर्देशक समितिबाट स्वीकृत बजेट अनुरुपका योजना तथा कार्यक्रमहरु तत्काल कार्यान्वयनमा लैजाने एवं PDRF मा उल्लिखित कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धमा सम्बन्धित विषयगत कार्यसमूहले सो का लागि आवश्यक पर्ने बजेट सहितको कार्ययोजना तयार पारी पेश गर्ने ।

सचिव

अनुसूची ५

Nepal Government

Ministry of Federal Affairs and Local Development

# Central Level Project Implementation Unit(CL-PIU)

## Earthaquake Housing Reconstruction Program(EHRP)

UN Park, Lalitpur

**Summary Sheet of Beneficiaries in 1 VDC and 19 Municipalities of 3 Districts (Budget Request No: 3 for Fiscal Year 2073/074)**

| क्र.सं | जिल्ला | गाविस(क्र.सं.) | गाविस/नपा | लाभग्राही संख्या |
|---|---|---|---|---|
| 1 | Lalitpur | 1 | Ikudol V.D.C | 505 |
| | | | नगरपलिकाहरु | |
| 2 | | 1 | Bajrabarahi | 1371 |
| 3 | | 2 | Godawari | 972 |
| 4 | | 3 | Lalitpur | 550 |
| 5 | | 4 | Mahalaxmi | 2054 |
| | Sub-Total | | | 5452 |
| 6 | Kathmandu | 1 | Budhanilkantha | 2030 |
| 7 | | 2 | Chandragiri | 2596 |
| 8 | | 3 | Gokarneswor | 1348 |
| 9 | | 4 | Kathmandu | 4786 |
| 10 | | 5 | Kirtipur | 896 |
| 11 | | 6 | Nagarjun | 583 |
| 12 | | 7 | Sankharapur | 2052 |
| 13 | | 8 | Tarkeswor | 2710 |
| 14 | | 9 | Tokha | 954 |
| 15 | | 10 | Dakshinakali | 1696 |
| 16 | | 11 | Kageswori Manohara | 2068 |
| | Sub-Total | | | 21719 |
| 17 | Bhaktpur | 1 | Anantelingeswor | 2679 |
| 18 | | 2 | Chagunarayan | 2975 |
| 19 | | 3 | Nagarkot | 3393 |
| 20 | | 4 | Suryabinayak | 3291 |
| | Sub-Total | | | 12338 |
| | Grand-Total | | | 39509 |

आयोजना उप-निर्देशक

अनुसूची (ख)

विषयगत कार्य समूहबाट सम्पादन हुने कार्यविधिगत शर्तहरु

१. पुनर्निर्माण एवं पुनर्स्थापना सम्बन्धी विषयगत समूहले क्षेत्रगत कार्यसँग सम्बन्धित सम्पूर्ण कामहरुको समन्वय गर्ने, गराउने ।

२. भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा ४ बमोजिमका आ-आफ्नो क्षेत्रसँग सम्बन्धित विषयहरुमा आवश्यक छलफल गरी निष्कर्ष सहित निर्णयार्थ प्रस्तुत गर्ने, गराउने ।

३. निर्देशक समिति एवं कार्यकारी समितिबाट स्वीकृत भएका कार्यक्रम एवं बजेटको परिधिभित्र रही निर्णय कार्यान्वयनमा सहजीकरण गर्ने, गराउने ।

४. आ-आफ्नो क्षेत्रसँग सम्बन्धित सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग बजेट र कार्यक्रममा आवश्यक छलफल गरी, गराई योजनाको खाका तयार गर्ने, गराउने ।

५. आ-आफ्नो क्षेत्रसँग सम्बन्धित कार्य तथा आयोजनाहरुको अनुगमन एवं मूल्याङ्कन गरी, गराई समिक्षा सहित प्रगति प्रतिवेदन प्रमुख कार्यकारी अधिकृतसमक्ष पेश गर्ने, गराउने ।

६. निर्देशक समिति, कार्यकारी समिति एवं प्रमुख कार्यकारी अधिकृतबाट तोकिए बमोजिम अन्य कार्यहरु गर्ने, गराउने ।

सचिव

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको (२०७२।०७।०४)२०औं बैठकको निर्णय

निर्णय नं. १. लाभग्राहीहरुको सूचीप्रकाशन सम्बन्धमा केन्द्रिय तथ्याङ्क विभागद्वारा गरिएको विस्तृत घरधुरी सर्भेक्षणका आधारमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको केन्द्रिय आयोजना कार्यान्वयन इकाईद्वारा मति २०७३।०७।०२ मा सिफारिस सहित प्राप्त हुन आएको काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका विभिन्न नगरपालिकामा रहेका लाभग्राही घरधनीहरुको देहाय अनुसारको जम्मा ३२,७७४ जना लाभग्राहीहरुको सूची स्वीकृत गरी "निजी आवास अनुदान वितरण कार्यविधि, २०७२" अनुसार यथासीघ्र अनुदान संम्झौता प्रकृया अघि बढाउन उल्लिखित केन्द्रिय आयोजना कार्यान्वयन ईकाईलाई निर्देशन दिने निर्णय गरियो । ।

| क्र.सं. | जिल्ला | नगरपालिका | लाभग्राही संख्या |
|---|---|---|---|
| १ | ललितपुर | बज्रबराही | १८९३ |
| २ | | गोदावरी | ८८९ |
| ३ | | ललितपुर | ९७१ |
| ४ | | महालक्ष्मी | ८९० |
| ५ | | कार्यबिनायक | ७३५ |
| जम्मा | | ५३७८ | |
| ६ | काठमाडौं | बुढानिलकण्ठ | ३०२ |
| ७ | | चन्द्रागिरी | २१०१ |
| ८ | | गोकर्णेश्वर | ९९२ |
| ९ | | काठमाडौं | १५२२ |
| १० | | किर्तिपुर | ११०४ |
| ११ | | नागाअर्जुन | २७७७ |
| १२ | | संखरापुर | ३१४६ |
| १३ | | तारकेश्वर | २३०२ |
| १४ | | टोखा | ४४१ |
| १५ | | दक्षिणकाली | १६३५ |
| १६ | | कागेश्वरी मनोहरा | ७०६ |
| जम्मा | | १७०२८ | |
| १७ | भक्तपुर | भक्तपुर | ६८८८ |
| १८ | | चाँगुनारायण | १६८५ |
| १९ | | नगरकोट | १२४९ |
| २० | | मध्यपुर ठिमी | ५४६ |
| जम्मा | | १०३६८ | |
| कूल जम्मा | | | ३२७७४ |

सचिव